सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २७७ ♦ २०८३ साल असार ७ आइतवार ♦ 21 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## एक महिनादेखि बेपत्ता बालक गौतमको अवस्था अझै अज्ञात

**खबर दर्पण समाचारदाता**

**असार ६ गते, बर्दिवास**



महोत्तरीको सदरमुकाम जलेश्वर बाट एक महिनाअघि बेपत्ता भएका १२ वर्षीय बालक गौतम यादवको अवस्था अझै पत्ता लाग्न सकेको छैन। लामो समय बितिसक्दा पनि बालकको कुनै खबर नआएपछि परिवार, आफन्त र स्थानीयवासी चिन्तित बनेका छन्।

जलेश्वर नगरपालिका-१२ थरुवाही निवासी गौतम यादव गत जेठ ७ गते बिहान करिब ६ बजे विद्यालय जाने भन्दै घरबाट निस्किएका थिए। जलेश्वर नगरपालिका-२ स्थित एड्भान्स लर्नर्स हिमालयन इङ्लिस बोर्डिङ स्कुलमा कक्षा ४ मा अध्ययनरत गौतम विद्यालय पोसाक, झोला, कापी र साइकलसहित घरबाट निस्किएपछि परिवारको सम्पर्कमा आएका छैनन्।

विद्यालय पुगेका थिए वा बाटोबाटै बेपत्ता भए भन्ने विषयमा अहिलेसम्म कुनै ठोस जानकारी प्राप्त हुन नसकेको परिवारले जनाएको छ। बालक हराएको सूचना पाएलगत्तै परिवारले आफन्त, स्थानीयवासी र प्रहरीको सहयोगमा विभिन्न स्थानमा खोजी गर्दै आए पनि हालसम्म कुनै सुराक फेला परेको छैन।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डिएसपी)पञ्चलाल गोलेले बालकको खोजी कार्य निरन्तर भइरहेको जानकारी दिनुभयो। प्रहरी टोलीले सम्भावित स्थानहरूमा खोजी तथा अनुसन्धान गरिरहेको भए पनि बालकको अवस्थाबारे अहिलेसम्म कुनै महत्वपूर्ण जानकारी प्राप्त नभएको डिएसपी गोलेले बताउनुभयो ।

बालक बेपत्ता भएको एक महिना पूरा भइसक्दा पनि कुनै खबर नआएपछि परिवार गहिरो पीडामा परेको छ। छोराको सकुशल फिर्तीको आशामा परिवारका सदस्यहरू दिनरात खोजीमा जुटिरहेका छन्।

स्थानीयवासीले सानो उमेरका बालक लामो समयसम्म बेपत्ता र हनु गम्भीर र चिन्ताजनक विषय भएको भन्दै खोजी कार्यलाई अझ प्रभावकारी बनाउन सम्बन्धित निकायसँग आग्रह गरेका छन्। बालबालिकाको सुरक्षाका विषयमा समेत समुदायस्तरमा थप सचेतना आवश्यक रहेको उनीहरूको भनाइ छ।

गौतम यादवलाई देख्ने, भेट्ने वा उनको अवस्थाबारे कुनै जानकारी पाउने व्यक्तिलाई नजिकको प्रहरी कार्यालय वा परिवारसँग तत्काल सम्पर्क गरिदिन परिवारले अनुरोध गरेको छ।

## पत्रकारको स्वतन्त्रता र सुरक्षाविना लोकतन्त्र सुदृढ हुन सक्दैन: मन्त्री महतो

**खबर दर्पण समाचारदाता**

**असार ६ गते, बर्दिवास**

नेपाल पत्रकार महासंघ मधेश प्रदेशको पाँचौं साधारणसभा शनिबार महोत्तरीको बर्दिबासमा सम्पन्न भएको छ ।

कार्यक्रममा वक्ताहरूले प्रेस स्वतन्त्रता, पत्रकारको सुरक्षा, व्यवसायिक पत्रकारिता तथा मधेश प्रदेशको समग्र विकासका चुनौतीबारे धारणा राख्दै लोकतान्त्रिक व्यवस्थालाई सुदृढ बनाउन स्वतन्त्र र जिम्मेवार सञ्चार माध्यमको भूमिका महत्वपूर्ण रहेको बताए ।

नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्यामप्रसाद बञ्जाराको अध्यक्षतामा सम्पन्न साधारणसभाको उद्घाटन मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोले गरे ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री महतोले पत्रकारिता क्षेत्र लोकतन्त्रको आधारस्तम्भ भएकाले पत्रकारहरू स्वतन्त्र, निष्पक्ष र निर्भीक रूपमा काम गर्न सक्ने वातावरण सुनिश्चित हुनुपर्ने बताए । पत्रकारले सुरक्षाको अनुभूति गर्न नसके अभिव्यक्ति स्वतन्त्रता कमजोर हुने र त्यसले लोकतान्त्रिक प्रणालीमै असर पार्ने उनको भनाइ थियो ।

'पत्रकार स्वतन्त्र हुनुपर्छ, पत्रकारले सुरक्षाको अनुभूति गर्नुपर्छ । जब पत्रकार सुरक्षित र स्वतन्त्र हुन्छन्, तब मात्र लोकतन्त्रको वास्तविक अभ्यास सम्भव हुन्छ,' मन्त्री महतोले भने ।

उनले सञ्चार क्षेत्रलाई सुदृढ बनाउन प्रदेश सरकार सकारात्मक रहेको उल्लेख गर्दै पत्रकारका पेशागत समस्या समाधानका लागि आवश्यक सहयोग गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । सञ्चार क्षेत्रको विकासमा प्रदेश सरकार र पत्रकार समुदायबीच सहकार्य आवश्यक रहेको उनको धारणा थियो ।

कार्यक्रममा श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले समाजमा समानता, न्याय र सुशासन स्थापना गर्न सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताइन् । उनले पत्रकारिताले समाजका आवाजलाई नीति निर्माण तहसम्म पुर्याउने भएकाले पत्रकारको क्षमता अभिवृद्धि र पेशागत संरक्षणमा राज्यले विशेष ध्यान दिनुपर्ने धारणा राखिन् ।

मन्त्री थापाले सीमित स्रोत साधनका बाबजुद प्रदेश सरकारले जनअपेक्षाअनुसार काम गर्ने प्रयास गरिरहेको बताइन् । 'मधेश प्रदेशमा चुनौती धेरै छन्, समस्या पनि थुप्रै छन् । स्रोतको अभावका बीच जनताको आवश्यकता पूरा गर्नुपर्ने अवस्था छ । बजेट सीमित भए पनि सरकार आफ्नो जिम्मेवारीबाट पछि हट्ने छैन,' उनले भनिन् ।



उनले विकास निर्माण, रोजगार, यातायात व्यवस्थापन तथा सामाजिक क्षेत्रका समस्याहरू समाधान गर्न प्रदेश सरकार निरन्तर प्रयासरत रहेको जानकारी दिइन् ।

कार्यक्रममा सहभागी विभिन्न वक्ताहरूले प्रेस स्वतन्त्रता, पत्रकारको पेशागत सुरक्षा, श्रम अधिकार, सञ्चार क्षेत्रको संस्थागत विकास तथा प्रदेशस्तरमा सञ्चारमैत्री नीति निर्माणको आवश्यकता औंल्याएका थिए । उनीहरूले पत्रकारिता क्षेत्रलाई थप मर्यादित, व्यवसायिक र उत्तरदायी बनाउन राज्य, सञ्चार संस्था तथा पत्रकार स्वयंको भूमिका महत्वपूर्ण रहने धारणा व्यक्त गरे ।

नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष बञ्जाराले पत्रकारिता क्षेत्र अनेक चुनौतीबीच आफ्नो दायित्व निर्वाह गरिरहेको उल्लेख गर्दै पत्रकारहरूको हकहित, पेशागत सुरक्षा र क्षमता विकासका लागि महासंघ निरन्तर क्रियाशील रहेको बताए ।

उनले बदलिँदो सञ्चार परिवेशमा पत्रकारले तथ्यमा आधारित, जिम्मेवार र जनपक्षीय पत्रकारितालाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । साथै पत्रकारको सुरक्षा, सामाजिक सुरक्षा, श्रम अधिकार र पेशागत सम्मान सुनिश्चित गर्न सम्बन्धित निकायसँग निरन्तर पहल भइरहेको जानकारी दिए ।

साधारणसभामा मधेश प्रदेशका विभिन्न जिल्लाबाट आएका पत्रकार, सञ्चारकर्मी, महासंघका पदाधिकारी तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा पत्रकारिता क्षेत्रका समसामयिक चुनौती, संगठनको भावी कार्यदिशा तथा सञ्चार क्षेत्रको विकासका विषयमा समेत विस्तृत छलफल गरिएको महासंघकी महिला उपाध्यक्ष ज्योति झाले जानकारी दिइन् ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै [illegible]त्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फलेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# गाउँ नै किनबेच !





अजय शाह

घरघडेरी, खेतबारी वा अन्य सम्पत्ति किनबेच हुनु सामान्य कुरा हो । नेपालका गाउँदेखि सहरसम्म यस्ता कारोबार नियमित रूपमा भइरहेका हुन्छन् तर कुनै व्यक्तिले एउटा गाउँ नै किन्छ र त्यस गाउँभित्र निश्चित प्रकारका आर्थिक गतिविधि सञ्चालन गर्ने विशेष अधिकार प्राप्त गर्छ भन्ने कुरा धेरैका लागि आश्चर्यको विषय हुन सक्छ ।

मधेशका डोम (डुम) समुदायमा भने यस्तो परम्परा पुस्तौंदेखि चलिआएको छ । समुदायभित्र यसलाई केवल आर्थिक कारोबारका रूपमा मात्र होइन, जीविकोपार्जन, सामाजिक सम्बन्ध र सांस्कृतिक पहिचानसँग जोडिएको परम्पराका रूपमा हेरिन्छ ।

धनुषाको छिरेश्वरनाथ नगरपालिका-६ निवासी पल्टु मल्लिकले आठ महिनाअघि २५ हजार रुपियाँ तिरेर हरिहरपुरगाउँ किन्नुभयो । करिब पाँच हजार जनसङ्ख्या रहेको उक्त गाउँमा बाँसबाट निर्मित ढक्की, नाङ्लो, पङ्खा तथा अन्य परम्परागत सामग्री बिक्री गर्ने अधिकार अहिले उहाँसँग छ । गाउँभित्र विवाह, व्रतबन्ध, पूजापाठ, भोजभतेर वा मृत्युसंस्कारमा आवश्यक सामग्री उपलब्ध गराउने र त्यसबापत प्राप्त हुने दक्षिणा तथा अन्य परम्परागत आम्दानीसमेत उहाँकै अधिकारक्षेत्रभित्र पर्दछ । पल्टु मल्लिकका अनुसार गाउँ किन्नुको अर्थ गाउँको भौतिक स्वामित्व प्राप्त गर्नु होइन । बरु त्यो गाउँभित्र डोम समुदायले परम्परागत रूपमा गर्दै आएको निश्चित व्यापार तथा सेवामूलक गतिविधिमा एकाधिकार प्राप्त गर्नु हो ।

उहाँ भन्नुहुन्छ, "मैले किनेको गाउँमा अरू डोम समुदायका व्यक्ति आएर सामान बेच्न पाउँदैनन् । विवाह, भोज वा अन्य संस्कारमा आवश्यक पर्ने सामग्री हामीले नै उपलब्ध गराउँछौं । समुदायले मान्यता दिएको अधिकार भएकाले सबैले त्यसलाई स्वीकार गर्नुहुन्छ ।" डोम समुदायका ज्येष्ठ सदस्यका अनुसार यो परम्परा कहिलेदेखि सुरु भयो भन्ने स्पष्ट अभिलेख उपलब्ध छैन तर पुस्तौंदेखि निरन्तर चल्दै आएको हुनाले यसको सुरुवात निकै पुरानो रहेको विश्वास गरिन्छ । छिरेश्वरनाथ नगरपालिका-७ की भुल्लीदेवी मल्लिकका अनुसार उहाँले बाल्यकालदेखि नै गाउँ किनबेचको चलन देख्दै आउनुभएको छ ।

"हाम्रा बाजेबराजुको पालादेखि नै यो प्रथा चल्दै आएको सुन्दै आएका छौं," उहाँले भन्नुभयो, "जसरी जग्गा किनबेच गर्दा कागज बनाइन्छ, गाउँ किनबेच गर्दा पनि समुदायभित्र लिखित सहमति गरिन्छ ।"

समुदायभित्र तयार गरिने यस्ता कागजातमा गाउँ किन्ने र बेच्ने व्यक्तिको नाम, रकम तथा अधिकारसम्बन्धी विवरण उल्लेख गरिन्छ । यद्यपि यस्ता कागजातलाई सरकारी निकायले औपचारिक मान्यता भने दिएको हुँदैन ।

## जीविकोपार्जनको आधार

डोम समुदायलाई मधेशको सबैभन्दा सीमान्तकृत तथा आर्थिक रूपमा कमजोर समुदायमध्ये एक मानिन्छ । परम्परागत रूपमा उहाँहरूको जीविकोपार्जन बाँसका सामग्री निर्माण, सुँगुरपालन, सरसफाइसम्बन्धी कार्य तथा अन्त्येष्टिसँग जोडिएका सेवामा आधारित रहँदै आएको छ ।

मधेशका धेरै स्थानमा आज पनि दाहसंस्कारका लागि आवश्यक 'दागबत्तीको आगो' डोम समुदायबाटै लिने चलन कायम छ । विवाह, मृत्यु तथा अन्य सामाजिक संस्कारमा पनि उहाँहरूको भूमिका रहँदै आएको छ । यही परम्परागत पेसासँग जोडिएर गाउँ किन्ने अभ्यास विकसित भएको स्थानीय बासिन्दा बताउँछन् । गाउँ किन्ने व्यक्तिले त्यस गाउँमा बाँसजन्य सामग्री बिक्री गर्ने, भोजभतेरपछि जुठो भाँडा माझ्ने, सरसफाइ गर्ने तथा विभिन्न संस्कारसँग सम्बन्धित सेवा प्रदान गर्ने अवसर प्राप्त गर्छन् । यसबाट प्राप्त आम्दानी नै धेरै परिवारको मुख्य आयस्रोत बन्ने गरेको छ । धनुषामा मात्रै करिब दुई हजारको हाराहारीमा डोम समुदायको बसोबास रहेको अनुमान छ । समुदायका कतिपय व्यक्तिले एकभन्दा बढी गाउँसमेत किनेर राख्ने गरेका छन् ।

## समुदायभित्रको अनुशासन

यो परम्पराको अर्को रोचक पक्ष भनेको समुदायभित्रको अनुशासन हो । कुनै व्यक्तिले किनेको गाउँमा अर्को डोम समुदायका सदस्यले व्यापार गर्न जानु सामाजिक रूपमा अनुचित मानिन्छ । यदि कसैले यस्तो नियम उल्लङ्घन गरे समुदायले जरिबाना तोक्ने चलन रहेको बताइन्छ । कतिपय अवस्थामा सुँगुर काटेर सम्पूर्ण समुदायलाई भोज खुवाउनुपर्ने सजायसमेत दिइने गरेको छ ।

छिरेश्वरनाथ नगरपालिका-५ निवासी जीवछ मण्डलका अनुसार डोम समुदायमा आफ्नै परम्पराप्रति इमानदारी देखिन्छ । "उहाँहरूभित्र कसको कुन गाउँ हो भन्ने जानकारी हुन्छ । त्यसैले अरूको गाउँमा गएर व्यापार गर्ने चलन छैन," उहाँले भन्नुभयो ।

## कानुनले के भन्छ ?

समुदायभित्र व्यापक रूपमा स्वीकृत यो परम्परा कानुनी दृष्टिले भने जटिल देखिन्छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई देशको जुनसुकै स्थानमा व्यापार व्यवसाय सञ्चालन गर्ने तथा पेसा रोज्ने स्वतन्त्रता सुनिश्चित गरेको छ । यस्तो अवस्थामा कुनै निश्चित क्षेत्रभित्र एक व्यक्तिलाई मात्र व्यापार गर्ने अधिकार दिनु कानुनी रूपमा मान्य हुन नसक्ने कानुनविद्को धारणा छ ।

छिरेश्वरनाथ नगरपालिका-७ का वडाध्यक्ष मोहम्मद मोबारक कबाडीका अनुसार गाउँ किनबेचसम्बन्धी कुनै पनि कागजात वडा कार्यालय वा मालपोत कार्यालयमा दर्ता हुँदैन । उहाँ भन्नुहुन्छ, "यो डोम समुदायभित्रको परम्परागत र अनौपचारिक अभ्यास हो । राज्य वा स्थानीय सरकारले यसलाई वैधानिक मान्यता दिएको छैन ।"

अधिवक्ता सतीशलाल कर्णका अनुसार यस्तो व्यवस्था संविधानले सुनिश्चित गरेको पेसा तथा व्यापारको स्वतन्त्रताविरुद्ध छ । "कुनै विशेष क्षेत्रमा एक व्यक्तिलाई मात्र व्यापार गर्ने अधिकार दिनु प्रतिस्पर्धा र स्वतन्त्रताको सिद्धान्तविपरीत हुन्छ," उहाँले भन्नुभयो, "तर यो समुदायभित्रको परम्परा भएकाले अहिलेसम्म यसबारे उल्लेखनीय कानुनी विवाद देखिएको छैन ।"

## आम्दानीको माध्यम नै हो ?

गाउँ किन्ने परम्परालाई समुदायका धेरै सदस्यले आर्थिक सुरक्षाको माध्यमका रूपमा हेर्ने गरेका छन् तर यसको अर्को पक्ष पनि छ । कतिपय व्यक्तिले ऋण लिएर गाउँ किन्ने गर्छन् । अपेक्षा अनुसार आम्दानी नभएपछि ऋण तिर्न कठिन हुने र अन्ततः घाटामा गाउँ बेच्नुपर्ने अवस्था सिर्जना हुने गरेको समाजशास्त्री नागेन्द्र दुबे बताउनुहुन्छ ।

उहाँका अनुसार जनसङ्ख्या बढी भएको गाउँमा राम्रो आम्दानीको सम्भावना हुन्छ तर आर्थिक गतिविधि कम भएका गाउँमा लगानी अनुसार प्रतिफल नआउन पनि सक्छ । "यसले केहीलाई आर्थिक रूपमा फाइदा पुऱ्याए पनि दीर्घकालीन रूपमा ऋणको चक्रमा फस्ने जोखिम पनि उत्तिकै छ," उहाँले भन्नुभयो ।

## बदलिँदो सोच

समयसँगै डोम समुदायको जीवनशैली र रोजगारीका अवसर पनि परिवर्तन भइरहेका छन् । शिक्षाको पहुँच विस्तार हुनु, वैदेशिक रोजगारीमा जाने बढ्नु तथा नयाँ व्यवसायका अवसर खुल्नुका कारण युवापुस्ताको सोचमा परिवर्तन देखिन थालेको छ । छिरेश्वरनाथ नगरपालिका-६ का युवा रामचरित्र मल्लिकका अनुसार अहिले धेरै युवा साउदी अरब, कतार, मलेसिया तथा भारतका विभिन्न सहरमा रोजगारीका लागि जाने गरेका छन् । "पहिले

बाँकी पृष्ठ ३ मा

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फयुज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बर्दिबासका अव्यवस्थित बसोबासी र सुकुम्बासीले सेतो पुर्जा पाउने

**खबर दर्पण समाचारदाता**

**असार ६ गते, बर्दिवास**

बर्दिबास नगर क्षेत्रका अव्यवस्थित बसोबासी र सुकुम्बासीले अब प्रारम्भिक प्रमाणका रुपमा सेतो पुर्जा (घरजग्गाको भोगाधिकार निस्सा) पाउने भएका छन्। बर्दिबास नगर कार्यपालिकाको कार्यालयले वर्षौंवर्षदेखि ऐलानी, पर्ती जग्गामा घर बनाएर बसेका अव्यवस्थित बसोबासी र सुकुम्बासीलाई बसोबास र जग्गाको भोगाधिकार प्रमाणित गर्दै सेतो पुर्जा दिने प्रकृया थालेको हो। यो कार्यबाट बर्दिबास नगर क्षेत्रका १० हजार २९८ परिवार अव्यवस्थित बसोबासी र सुकुम्बासीले पहिलोपल्ट आफ्नो घरजग्गाको प्रारम्भिक निस्सा पाउने भएका छन् ।

नगर क्षेत्रमा यसअघि तत्कालीन भूमि समस्या समाधान आयोगसँगको समन्वयमा भएको नापजाँचमा १० हजार २९८ घर परिवार सुकुम्बासी र अव्यवस्थित बसोबासी रहेका तथ्याङ्क अद्यावधिक गरिएको थियो । अब यही सङ्ख्याभित्रका भोगमा कतै कुनै विवाद नपाइएका घरपरिवारलाई सेतो पुर्जा दिएर भोगाधिकार दिने प्रकृया थालिएको नगरप्रमुख प्रहलादकुमार क्षत्रीले जानकारी दिनुभयो ।

"कैयौं पुस्तादेखि बसोबास गर्दै आएका अव्यवस्थित बसोबासी र सुकुम्बासीलाई केहीनकेही आधार दिनै पर्थ्यो" नगरप्रमुख क्षत्रीले भन्नुभयो, "यसपालि गत मङ्गलबार आयोजित नगरपालिकाको १८ औं नगरसभामा हामीले आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमै यो विषय समावेस गरेर प्रकृया अघि बढाएका छौं ।" अब आगामी आर्थिक वर्षभित्रै यो सेतो पुर्जा बाँड्ने काम सम्पन्न गरिने क्षत्रीको प्रतिबद्धता छ ।

बर्दिबास नगरक्षेत्रका १४ वटै वडा बस्तीहरुमा अव्यवस्थित बसोबासी र सुकुम्बासी बसोबास गर्दै आएका छन् । जिल्लाको पूरै चुरे क्षेत्र ओगटेको नगरक्षेत्रमा चुरे पाहाडी काछका बस्तीमा यस्ता बसोबासी बढी छन् । जसमा सबैभन्दा बढी बर्दिबास-३ मा तीन हजार ३०८ परिवार छन् । यो वडा क्षेत्र चुरे पाहाडी काछमा छ ।

नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रममा जग्गा भोगसम्बन्धी कुनै विवाद नदेखिएको वा नभएको र यसअघि आयोगको समन्वयमा बसोबास भएको घरजग्गा नापनक्सा भइसकेका बसोबासीको हकमा सेतो पुर्जा वितरण गरिने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नेपालको सम्बिधानको अनुसूची-८ ले स्थानीयतहलाई भूमि व्यवस्थापनसम्बन्धी प्रदान गरेको अधिकार क्षेत्रमा रही नगरपालिकाले सेतो निस्सा वितरण गर्ने प्रकृया सुरु गरिएको जनाएको छ । भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको यकिन विवरण तथा नापजाँच प्रमाणीकरण, स्थानीय नक्साङ्कन , भू-सूचना व्यवस्थापन तथा जग्गासम्बन्धी अभिलेख राख्ने अधिकार स्थानीयतहलाई भएबमोजिम यो काम थालिएको नगरप्रमुख क्षत्रीको भनाइ छ।

नगरपालिकाले भोग प्रमाणका आधारमा सेतो निस्सा प्रदान गरेपनि जग्गाको स्थायी निस्सा (लालपुर्जा) प्रदानको अधिकार भने सङ्घीय निकायअन्तर्गत नै रहने कानुनी व्यवस्था छ । लालपुर्जा प्रदान गर्ने अधिकार नभएपनि जग्गाको लगत सङ्कलन एवं भोगाधिकार प्रमाणीकरणका लागि आवश्यक कार्यविधि बनाएर काम गर्न सक्ने कानुनी व्यवस्थाअनुसार अहिले सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई भोग निस्सा दिने निर्णय गरिएको नगर कार्यपालिकाको कार्यालयले स्पष्ट पारेको छ ।

नगरपालिकाको १८ औं नगर सभामा प्रस्तुत नीति तथा कार्यक्रम एवं बजेट वक्तव्यको 'विद्युत्, सिँचाइ, खानेपानी तथा भूमि' शीर्षकको पहिलो बुँदामै भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई आर्थिक वर्ष २०८३/०८४ भित्रै भोगाधिकारको सेतो निस्सा उपलब्ध गराइने उल्लेख छ । यसले वर्षौंवर्षदेखि बसोबासको जग्गाको कुनै निस्सा नभएका हरुका लागि पछि स्थायी निस्सा प्राप्त गर्ने एउटा आधार बन्ने अपेक्षा गरिएको छ । यता अव्यवस्थित बसोबासी र सुकुम्बासी भने अहिलेको सेतो निस्साको कुराले लालपुर्जा पाउने



दिन अझै पर पुगेको ठानेरनिरासा व्यक्त गर्छन्। तर यो सेतो निस्साले पछिसम्म बसोबासको एउटा प्रमाण बन्ने अव्यवस्थित बसोबासी र सुकुम्बासीलाई झिनो आस छ । "घरजग्गा भएको ठाउँको लालपुर्जा पाइने आसमा बाजे, बाबु बिते, आफू पनि ७० वर्ष टेक्नै लागियो , त्यो पुर्जा पाउने दिन भने आफ्नो जिन्दगीमा पनि नपाइने भयो" बर्दिबास-२ बुद्धचोकका सामाजिक अगुवा मकरलाल विश्वकर्मा भन्नुहुन्छ, "बल्ल अहिले सेतो पुर्जाको कुरा सुनिदैछ, खै यो पनि कहिले हो ?" सेतो पुर्जा नै पाएपनि भोग प्रमाणित भएर लालपुर्जा पाइन्थ्यो कि भन्ने विश्वकर्मासहितका अव्यवस्थित बसोबासी र सुकुम्बासीले झिनो आस सँगालेका छन् । विश्वकर्मा आफैं अव्यवस्थित बसोबासी हुनुहुन्छ ।

बर्दिबास जिल्लाभरिमै सङ्कलित तथ्याङ्कअनुसार सबैभन्दा बढी अव्यवस्थित बसोबासी र सुकुम्बासी भएका स्थानीयतहमा पर्छ । बर्दिबास नगर क्षेत्रमा आयोगको समन्वयमा यसअघि सङ्कलित विवरणअनुसार अद्यावधिक गरिएका अव्यवस्थित बसोबासीको सङ्ख्या नै अहिले नगरपालिकाले बढाएको प्रकृयाभित्र वास्तविक सुकुम्बासी र अव्यवस्थित बसोबासीले कमसेकम सेतो निस्सा नै पाएपनि एउटा बलियो आधार बन्ने विगतमा जिल्लाको सुकुम्बासी समस्या समाधान आयोगको अध्यक्ष रहीसक्नु भएका बर्दिबास-१ का बासिन्दा भानुभक्त पोखरेल बताउनुहुन्छ ।

# मधेश प्रदेश समन्वय परिषद् कतारद्वारा भेटघाट, सपथ ग्रहण, सम्मान तथा परिचयात्मक कार्यक्रम सम्पन्न

**आशिक हुसैन शेख**

दोहा, कतार

मधेश प्रदेश समन्वय परिषद् कतारको आयोजनामा भेटघाट, सपथ ग्रहण, सम्मान तथा परिचयात्मक कार्यक्रम-२०२६ जुन १९ तारिख शुक्रवारका दिन दोहास्थित गोर्खाली रेस्टुरेन्टको सभा हलमा सम्पन्न भएको छ।

कार्यवाहक अध्यक्ष दुर्गानन्द पासवानको अध्यक्षता तथा प्रमुख सल्लाहकार नियाज शेखको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा संस्थापक अध्यक्ष साकिर अली, मनिष यादव समाजसेवी तथा सप्तरी सेवा समाज कतार का अध्यक्ष, म्याङ्गो फाउन्डेसनका अध्यक्ष तथा धनुषा सेवा समाज कतारका अध्यक्ष, समाजसेवी सौकत अली, बिसेशवर प्रसाद, कमलेश महतो लगायत परिषद्का पदाधिकारी, सदस्य तथा विभिन्न सामाजिक व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रमको शुभारम्भ नेपाली राष्ट्रिय गानबाट गरिएको थियो। त्यसपछि देश तथा लोकतान्त्रिक आन्दोलनका ज्ञात-अज्ञात शहीदहरूप्रति सम्मान व्यक्त गर्दै एक मिनेट मौनधारण गरिएको थियो। सो अवसरमा परिषद्को आधिकारिक ब्यानरसमेत अनावरण गरिएको थियो।

कार्यक्रममा सहभागीहरूबीच आपसी परिचय आदानप्रदानसँगै संगठनको उद्देश्य, भूमिका तथा आगामी कार्ययोजनाबारे विस्तृत छलफल गरिएको थियो। वक्ताहरूले प्रवासमा रहेका नेपाली, विशेषगरी मधेशी समुदायबीच आपसी एकता, सहकार्य तथा सामाजिक सद्भावलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिएका थिए। कार्यक्रममा मधेश प्रदेशका ८ जिल्लामा मात्र सीमित नभई नेपालका २२ वटै मधेशी बाहुल्य जिल्लाबाट कतारमा रहेका मधेशी समुदायलाई मधेश प्रदेश समन्वय परिषद् कतारको साझा छातामुनि आबद्ध गर्दै संगठनलाई थप व्यापक, समावेशी र सशक्त बनाउने विषयमा विशेष छलफल भएको थियो। सहभागीहरूले सम्पूर्ण मधेशी समुदायलाई एकताबद्ध गर्दै सामाजिक, सांस्कृतिक तथा सामुदायिक हितका कार्यहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउनुपर्ने धारणा व्यक्त गरेका थिए।

यसै अवसरमा परिषद्का महासचिव ईसिलाल पण्डितलाई औपचारिक रूपमा सपथ ग्रहण गराई पदभार ग्रहण गराइएको थियो। अधिवेशनबाट निर्वाचित भए पनि अधिवेशनका बेला नेपालमा रहेका कारण उहाँको सपथ ग्रहण हुन सकेको थिएन। कार्यक्रममा उहाँलाई औपचारिक रूपमा सपथ ग्रहण गराई महासचिव पदको जिम्मेवारी हस्तान्तरण गरिएको परिषद्ले जनाएको छ।

कार्यक्रममा समाज तथा समुदायको हितमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै महासचिव ईसिलाल पण्डितलाई सम्मानसमेत गरिएको थियो। उपस्थित वक्ताहरूले उहाँको योगदानको प्रशंसा गर्दै आगामी दिनहरूमा पनि समुदायको हितमा निरन्तर सक्रिय रहन शुभकामना व्यक्त गरेका थिए।

त्यसैगरी परिषद्को कोषाध्यक्ष पदसम्बन्धी विषयमा समेत छलफल भएको र उक्त विषय आगामी कार्यसमिति बैठकबाट आवश्यक निर्णय गरिने जानकारी दिइएको थियो।

वक्ताहरूले मातृभूमिप्रतिको दायित्वलाई आत्मसात् गर्दै प्रवासमा रहेका नेपाली तथा मधेशी समुदायबीच सहयोग, सद्भाव, भाइचारा र सामाजिक उत्तर दायित्वको भावनालाई थप मजबुत बनाउनुपर्नेमा जोड दिएका थिए। मधेश प्रदेश समन्वय परिषद् कतारले कतारमा रहेका नेपाली तथा मधेशी समुदायबीच आपसी सम्बन्ध विस्तार, सहयोगको भावना अभिवृद्धि तथा सामाजिक एकताको सन्देश प्रवाह गर्ने उद्देश्यले यस्ता कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्दै आएको जनाएको छ।

सौहार्दपूर्ण, उत्साहपूर्ण तथा उपलब्धिमूलक वातावरणमा सम्पन्न कार्यक्रमले संगठनलाई थप सक्रिय, व्यवस्थित र प्रभावकारी बनाउने विश्वास सहभागीहरूले व्यक्त गरेका थिए।

# गाउँ नै ..............

जस्तो गाउँ किन्ने सोच अहिले कम हुँदै गएको छ," उहाँले भन्नुभयो, "धेरै युवाले वैदेशिक रोजगारी वा अन्य व्यवसाय रोजिरहेका छन् ।" यद्यपि सबै युवाको धारणा समान छैन । दिलीप मल्लिक भने परम्परालाई जोगाउनुपर्ने पक्षमा हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, "यो हाम्रो पहिचान हो तर अहिलेको समयमा यसबाट मात्र जीवन धान्न गाह्रो छ। त्यसैले परम्परा जोगाउँदै अन्य काम पनि गर्नु पर्छ।"

**संरक्षण कि परिवर्तन ?**

दलित अधिकारकर्मी विनोद महराका अनुसार गाउँ किन्ने परम्पराले डोम समुदायको न्यूनतम जीविकोपार्जन सुनिश्चित गर्न सहयोग गरेको छ तर यसले समुदायलाई सीमित पेसा र सीमित अवसरमा बाँधेर राख्ने खतरा पनि बोकेको छ । "राज्यले शिक्षा, सिप विकास र वैकल्पिक रोजगारीका अवसर विस्तार गर्नु पर्छ," उहाँले भन्नुभयो, "ताकि समुदायका सदस्यले बाध्यताले होइन, आफ्नो रुचि अनुसार पेसा छनोट गर्न सकून् ।"

मानव अधिकारकर्मी तथा इन्सेक मधेश प्रदेश संयोजक राजु पासवान भने यसलाई डोम समुदायको अस्तित्व र सम्पत्तिसँग जोडिएको विषयका रूपमा हेर्नुपर्ने बताउनुहुन्छ। उहाँका अनुसार अधिकांश डोम परिवारसँग पर्याप्त जग्गाजमिन छैन तर गाउँ किन्ने परम्पराले उनीहरूलाई आर्थिक अधिकारको एउटा आधार दिएको छ । नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार डोम समुदायको जनसङ्ख्या करिब १३ देखि १५ हजारको हाराहारीमा रहेको अनुमान छ । मुख्यतः धनुषा, महोत्तरी, सिराहा, सप्तरी, सर्लाही र रौतहट जिल्लामा यो समुदायको बसोबास छ। प्लास्टिक र आधुनिक सामग्रीको बढ्दो प्रयोगले बाँसजन्य परम्परागत उत्पादनको बजार खुम्चिँदै गएको छ । यसले डोम समुदायको पुर्ख्यौली पेसामाथि दबाब सिर्जना गरेको छ । यस्तो अवस्थामा गाउँ किन्ने परम्परा पनि परिवर्तनको मोडमा पुगेको देखिन्छ ।

तर समय परिवर्तन भए पनि यो अभ्यास अझै मधेशको सामाजिक इतिहास, सांस्कृतिक निरन्तरता र डोम समुदायको सङ्घर्षपूर्ण जीवनयात्राको एउटा जीवित दस्तावेज बनेर रहेको छ । गाउँ किन्ने र बेच्ने यो अनौठो परम्परा केवल आर्थिक व्यवहार मात्र होइन, समाजका सीमान्तकृत समुदायले आफ्नो अस्तित्व जोगाउन अपनाएका उपायको कथा पनि हो । यसैले यसको अध्ययन केवल सांस्कृतिक जिज्ञासाको विषय नभई सामाजिक रूपान्तरण र समावेशी विकासको दृष्टिले पनि महत्वपूर्ण छ ।-गोरखापब

# आगामी वर्षदेखि रामजानकी अन्तर्राष्ट्रिय रंगशालाको निर्माण सुरु हुने

**खबर दर्पण समाचारदाता**
**असार ६ गते, महेन्द्रनगर**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनकपुर धामस्थित रामजानकी अन्तर्राष्ट्रिय बहुउद्देशीय र 'गशालाको निर्माण कार्य आगामी आर्थिक वर्षदेखि सुरु गरिने बताएका छन्।




मधेश खेलकुद परिषद्को आयोजनामा शनिबार जनकपुर धाममा सुरु भएको नेकोस कप राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री यादवले प्रदेश सरकार रंगशाला निर्माणलाई प्राथमिकतामा राखेर अघि बढिर हेको जानकारी दिए।

उनले रंगशाला निर्माणका लागि आगामी आर्थिक वर्षमा २ सय ५६ करोड रुपैयाँ लागत अनुमान गरिएको र निर्माण प्रक्रिया सुरु गरिने बताए।

मुख्यमन्त्री यादवले खेलकुद क्षेत्रको समग्र विकासका लागि प्रदेश सरकारले विशेष योजना ल्याएको उल्लेख गर्दै क्रिकेटसहित अन्य खेलहरूको प्रवर्द्धनमा पनि बजेट विनियोजन गरिने बताए। उनले प्रदेशका आठवटै जिल्लामा रहेका खेलमैदानहरूको स्तरोन्नति तथा पूर्वाधार विकासका लागि सरकार प्रतिबद्ध रहेको धारणा राखे।

कार्यक्रममा मधेश खेलकुद परिषद्का सदस्य-सचिव शिवजी यादवले खेलकुदलाई युवासँग जोड्दै व्यावसायिक बनाउने लक्ष्यका साथ परिषद् काम गरि रहेको बताए।

खेलकुद क्षेत्रको विकासले प्रदेशको समग्र विकासमा योगदान पुग्ने विश्वास व्यक्त गर्दै उनले मधेशलाई खेलकुदमय प्रदेश बनाउने अभियानलाई तीव्रता दिइने बताए।

शनिबारदेखि सुरु भएको नेकोस कप राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगितामा मधेश, कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली, सुदूरपश्चिम प्रदेशका टोली तथा नेपाल एपीएफ क्लब गरी आठ टोलीको सहभागिता रहेको छ।

प्रतियोगिताका खेलहरू जनकपुर धाम र वीरगञ्जमा सञ्चालन हुनेछन् भने फाइनल खेल वीरगञ्जमा आयोजना गरिने आयोजकले जनाएको छ।

# रास्वपा धनुषा र महोत्तरीका सभापतिको निलम्बन फुकुवा





**खबर दर्पण समाचारदाता**
**असार ६ गते, महेन्द्रनगर**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले धनुषा र महोत्तरी जिल्लाका सभापतिमाथि लगाइएको निलम्बन फुकुवा गरेको छ। पार्टीले महाधिवेशन तयारीलाई ध्यानमा राख्दै संगठनात्मक गतिविधि र अधिवेशन प्रक्रिया पुनः सञ्चालनमा ल्याउने निर्णय गरेको हो।

पार्टी सचिवालयको असार ४ गते बसेको बैठकले दुवै जिल्लामा रोकिएको अधिवेशन प्रक्रिया र संगठनात्मक गतिविधि खोल्ने निर्णय गरेको जनाइएको छ। निर्णयसँगै ती जिल्लाबाट महाधिवेशन प्रतिनिधि छनोट तथा सहभागिताको बाटो पनि खुला भएको छ।

महामन्त्री कविन्द्र बुर्लाकोटीले जारी गरेको पत्रअनुसार केन्द्रीय निर्वाचन आयोगले यसअघि ती जिल्लामा लगाएको अधिवेशन रोक तथा रद्दसम्बन्धी निर्णयलाई महाधिवेशन प्रयोजनका लागि मात्र फुकुवा गरिएको हो। पार्टीका अनुसार महाधिवेशन सम्पन्न भएपछि सम्बन्धित जिल्लाको संगठनात्मक अडिट गरिनेछ। अडिटपछि मात्र अधिवेशन प्रक्रिया पुनः अघि बढाइने निर्णय पनि गरिएको छ।

रास्वपाले महाधिवेशनलाई व्यवस्थित र पारदर्शी बनाउन संगठनात्मक संरचनालाई अस्थायी रूपमा खुला गरिएको स्पष्ट पारेको छ।

# ११ महिनामा मधेश प्रदेशको राजस्व संकलन ३० अर्ब नाघ्यो

**खबर दर्पण समाचारदाता**
**असार ६ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ११ महिनामा ३० अर्ब रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ।

प्रदेश सरकारको अर्थ मन्त्रालयका अनुसार जेठ मसान्तसम्म कुल ३० अर्ब १७ करोड १४ लाख ७३ हजार रुपैयाँ राजस्व प्राप्त भएको हो।

मन्त्रालयका सूचना अधिकारी अंशुकुमार झाले प्रदेशको आन्तरिक राजस्व संकलन ४ अर्ब ५९ करोड ३३ लाख ८४ हजार रुपैयाँ पुगेको जानकारी दिए। प्रदेश सरकारको प्रमुख आन्तरिक आयस्रोतका रूपमा घरजग्गा रजिस्ट्रेशन तथा सवारीसाधन कर रहेका छन्। उनका अनुसार समीक्षा अवधिमा घरजग्गा रजिस्ट्रेशन शुल्कबाट १ अर्ब १८ करोड १२ लाख ९५ हजार रुपैयाँ तथा सवारीसाधन करबाट २ अर्ब १ करोड ५० लाख ५० हजार रुपैयाँ राजस्व संकलन भएको छ।

यस्तै, सवारी चालक अनुमतिपत्र वितरण र सवारी दर्ता दस्तुर बाट ६८ करोड ८२ लाख ७० हजार रुपैयाँ, यातायात क्षेत्रसम्बन्धी अन्य आम्दानीबाट ११ करोड १० लाख ५९ हजार रुपैयाँ तथा दहत्तर-बहत्तर बिक्रीबाट १० करोड ९ लाख ३५ हजार रुपैयाँ राजस्व प्राप्त भएको मन्त्रालयले जनाएको छ।

प्रदेश सरकारलाई संघीय राजस्व बाँडफाँटमार्फत पनि उल्लेख्य रकम प्राप्त भएको छ। मूल्य अभिवृद्धि कर (भ्याट) बाँडफाँटबाट ७ अर्ब ७५ करोड ६४ लाख ९९ हजार रुपैयाँ तथा अन्तःशुल्क करबाट २ अर्ब ७७ करोड ४१ लाख रुपैयाँ प्राप्त भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ।

त्यसैगरी, संघीय सरकारबाट समानीकरण अनुदानअन्तर्गत ७ अर्ब ६ करोड १६ लाख ७८ हजार रुपैयाँ प्राप्त भएको छ। सशर्त अनुदान चालुतर्फ २ अर्ब १७ करोड २७ लाख ७२ हजार रुपैयाँ तथा पुँजीगततर्फ १ अर्ब ५६ करोड ३० लाख ४० हजार रुपैयाँ प्रदेश सरकारले प्राप्त गरेको जनाएको छ।

मन्त्रालयका अनुसार आर्थिक क्षेत्रमा देखिएको तरलता अभाव, घरजग्गा कारोबारमा आएको सुस्तता, नयाँ सवारीसाधन खरिद बिक्रीमा कमी तथा गत भदौ २३ र २४ गतेको जनमत पार्टी नेतृत्वको आन्दोलनका क्रममा राजस्व संकलन गर्ने निकायहरूमा पुगेको क्षतिका कारण अपेक्षाअनुसार राजस्व उठ्न नसकेको हो।

राजस्व संकलनमा चुनौती रहे पनि चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा प्रदेश सरकारको आय संकलन सन्तोषजनक रहेको अर्थ मन्त्रालयले जनाएको छ।






खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,